नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(..........................................शाखा)
सिंहदरबार, काठमाण्डौ

प.सं.:
च.नं.:

# प्रेस विज्ञप्ति

माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङज्यू र नेपालका लागि युरोपियन युनियन (ईयू) प्रतिनिधिमण्डलका राजदुत, **H.E. Ms. Veronique Lorenzo** ज्यू बीच आज सम्बत् २०८० साल फागुन १८ गते शुक्रबार तद्अनुसार सन् २०२४ मार्च १ तारिखका दिन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा शिष्टाचार भेटवार्ता भयो ।

माननीय मन्त्रीज्यूले भेटवार्ताको क्रममा नेपाल र युरोपियन युनियन (ईयू) बीच सन् १९७५ मा दौत्य सम्बन्ध कायम भएदेखि नै प्रगाढ सम्बन्ध रहेको धारणा व्यक्त गर्नु भयो । साथै उहाँले नेपालमा शान्ति स्थापना र विकास प्रक्रियामा ईयूले पुऱ्याउँदै आएको बहुआयामिक सहयोगको लागि आभार प्रकट गर्नु भयो । नेपाल सरकारले हाल संविधान कार्यान्वयनका लागि आवश्यक कानूनहरुको प्राथमिकीकरण निर्धारण गरेको र संसदमा समेत पहिलो पटक कार्यतालिका बनाएर कामकाज गर्न शुरुवात गरिएको समेत जानकारी दिनु भयो ।

भेटका क्रममा राजदुत महामहिम **H.E. Ms. Veronique Lorenzo** ले कानून मन्त्रीज्यूलाई बधाई ज्ञापन गर्दै भेटका लागि अवसर दिनुभएकोमा धन्यवाद समेत व्यक्त गर्नुभयो । उक्त अवसरमा उहाँले नेपालको कानूनी, आर्थिक तथा सामाजिक विकासमा साझेदार हुन पाउँदा खुशी लागेको बताउँदै संघीयता कार्यान्वयनका क्रममा संक्रमणकालीन न्याय, निजामती सेवा, कानूनी सहायता, प्रहरी समायोजन लगायतका विषयमा चासो व्यक्त गर्नु भयो । साथै, उहाँले नेपालको समग्र कानूनी तथा न्यायिक विकास, संघीयता कार्यान्वयन एवम् सुशासनको क्षेत्रमा सदैव सहकार्य गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो ।

(लोकहरि बस्याल)
सहायक प्रवक्ता

मितिः २०८०।११।१८

फोन : ०१-४२००२२५, ४२११९७४, ४२११९७८, फ्याक्स नं.: ०१-४२११६८४, इमेलः infolaw@moljpa.gov.np